बैठक संख्या: १९ - ०७७/७८

मिति: २०७८/०२/२१

<u>प्रस्तावहरु:</u>

प्रस्ताव नं. १: कोभिड-१९ नियन्त्रण र रोकथाम समिक्षा तथा श्रोत व्यबस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. २: बजेट सुनिश्चित सम्बन्धमा ।

प्रस्ताव नं. ३: बजेट निर्माण प्रक्रिया सम्बन्धमा।

प्रस्ताव नं. ४: जुनिया खानेपानी आयोजना सम्बन्धमा ।

प्रसताव नं. ५: कृषि बिपद सम्बन्धमा ।

प्रस्ताव नं. ६: ल्याब सन्चालन सहयोग सम्बन्धमा ।

प्रस्ताव नं. ७: साना जलबिधुत आयोजना शिर्शकमा बिनियोजित रकम बैकल्पीक उर्जा प्रविधि जडानमा सार्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८: नदिजन्य पदार्थ आम्दानी सम्बन्धमा ।

प्रस्ताव नं. ९: शिक्षक दरबन्दी बितरण सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ माथि छलफल गर्दा कोभिड-१९ को नियन्त्रण तथा रोकथाम सम्बन्धी हाल सम्म भए गरेका क्रियाकलापहरुको समिक्षा गरीयो साथै आगामी दिनमा यस कार्यलाई अझ बढी प्रभाबकारी रुपमा अगाडी बढाउन थप सक्रियताका साथ सम्पुर्ण जनशक्ती परिचालन गर्ने, यसका लागी बिपद कोषमा रकम अपर्याप्त भएकोले यस आ.व.०७७/०७८ मा खर्च हुन नसकी बाँकी रकमलाई यस कोषमा स्थानान्तरण गरी खर्च गर्ने साथै कोभिड-१९ नियन्त्रण र रोकथामको लागी फ्रन्ट लाईनमा रहेर उपचार गर्ने चिकित्सक,स्वास्थ्यकर्मी, ल्याब र व्यबस्थापनमा प्रत्यक्ष संलग्न कर्मचारीलाई प्राथमिकता क्रम अनुसार तलबको पचास प्रतिसत सम्म जोखिम भत्ता उपलब्ध गराउने, कोभिड-१९ सङ्क्रमित भएमा निशुल्क उपचार गराउने र सङ्क्रमित भई यसै शिलसिलामा मृत्यु भएमा परिवारलाई उचित क्षतिपूर्ति दिने निर्णय गरियो ।

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा ०७८/०७९ का लागी लुम्बिनी प्रदेशमा समपुरक माग गरिएका देहाय बमोजिमका आयोजनाको लागत सहभागिता रकम सुनिश्चीत गर्ने निर्णय गरियो ।

देहाय:

| क्र.सं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | मध्य सत्यवती सडक स्तरोन्नती | रु २५ लाख |
| २ | बडिगाड खोला तटबन्ध | रु ५० लाख |
| ३ | चेहेमी थुम्का देउराली सत्यवती मोटर बाटो स्तरोन्नती | रु २५ लाख |
| ४ | सत्यवती क्याम्पस कम्पाउण्ड वाल भौतिक पूर्वाधार निर्माण | रु २५ लाख |
| ५ | गाउँपालिका स्तरीय खेल मैदान | रु २५ लाख |

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. ०७८/०७९ को बजेट निर्माण प्रक्रिया सुरु भएको तर कोभिड-१९ को कारण सरोकारवाला हरु संग प्रत्यक्ष भेटघाट, छलफल र अन्तर्क्रिया गर्न असम्भव भएकोले आफ्ना राय सुझाब हरु यस गाउँपालिकाको मेल एड्रेसमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा उक्त योजना प्रदेश अन्तर्गतको जिल्ला खानेपानी कार्यालय मार्फत सन्चालन गर्ने गरी हस्तान्तरण गर्ने र यस आ.व. मा उक्त योजनाको लागी गत बर्ष खरिद गरिएका जिआई पाइप लगायत सबै सामाग्री त्यसै योजनामा प्रयोग गर्ने साथै उक्त योजना संचालन गर्दा उपभोक्ता समिति मार्फत खरिद गरिएको पाईपको रकम गाउँपालिकाको अन्य श्रोत बाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा कृषि बिपदको कारण क्षति भएको बिबरण सबै वडा बाट आईसकेपछी सो सम्बन्धमा आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा पि.सि.आर संचालन गर्न जिल्ला अस्पताल ल्याबलाई यस अघि उपलब्ध गराईएको रु दस लाख लाई अनुमोदन गर्ने र थप रु दुई लाख बिपद शिर्षकबाट सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा नेपाल सरकारबाट प्राप्त साना जलबिद्युत शशर्त अनुदानको लागी प्राप्त नबिकरणिय उर्जा अन्तर्गत साना जल बिद्युत शिर्शकमा प्राप्त अनुदान खर्च गर्न प्राबिधिक हिसाबले सम्भाब्य नदेखिएकोले बैकल्पिक उर्जा शिर्षकमा बिनियोजित शशर्त अनुदान अन्तर्गत कार्यक्रम कार्यान्वयन मार्गदर्शन बमोजिम अन्य बैकल्पिक उर्जा प्रबिधि जडान शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा सबै वडाबाट नदिजन्य पदार्थको आम्दानीको बिबरण आईसकेपछी आगामी बैठकमा सो सम्बन्धमा छलफल गर्ने निर्णय गरियो ।

निर्णय नं. ९: प्रस्ताव नं. ९ माथि छलफल गर्दा कालिका आधारधुत विद्यालयमा काजमा कार्यरत शिक्षकको काज फिर्ता गर्ने र उक्त विद्यालय र ज्ञानोदय आ.वि. मा एक एक वटा प्रा.वि. शिक्षक दरबन्दी थप गर्ने निर्णय गरियो ।

निर्णय नं. १०: प्रस्ताव नं. १० माथि छलफल गर्दा तपसिल बमोजिमको निर्णयहरु गरियो ।

तपसिलः

क) सत्यवती गाउँपालिका वडा नं. ६, रितौदीमा रहेको लक्ष्मीनारायणको मन्दिरमा रहेका गाईहरुको संरक्षण गर्नको लागि रु. ३०,०००/- उपलब्ध गराउने निर्णय गरियो ।

ख) ईलाका प्रहरी कार्यालय, जोहाङ्गलाई प्रतिक्षालय निर्माण गर्नको लागि आवश्यक रकम उपलब्ध गराउने निर्णय गरियो ।